कन्सोर्टियम-नेपाल
Consortium Nepal

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह**


# मासिक कार्यसम्पादन पत्र

**मे २०२४**

**वर्ष : ३, अंक : ५**

## मे  २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १. बाल पैरवी परिषद् गठन प्रक्रिया सम्बन्धि अभिमुखीकरण कार्यक्रम




**१८ मे २०२४** राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुलाइ प्रादेशिक राष्ट्रिय बाल पैरवी परिषद गठन प्रक्रिया सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । यस अभिमुखीकरण कार्यक्रमको मुख्य उद्देश्य राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुलाइ पैरवी परिषद् प्रक्रिया सम्बन्धि जानकारी प्रदान गर्नु रहेको थियो । बाल अधिकारकर्मी मिलन धरेलको सहजीकरणमा सम्पन्न यस कार्यशालामा सातै प्रदेशका बाल पैरवी परिषद् सदस्यहरुको उपस्थिति रहेको थियो । यस अभिमुकिकरण कार्यक्रममा प्रदेश स्तरको राष्ट्रिय बाल परिषद्को प्रक्रियाबारे सदस्यहरूलाई जानकारी प्रदान गरिएको थियो । साथै  प्रादेशिक स्तरको राष्ट्रिय बाल पैरवी  परिषद्को दृष्टिकोण, उद्देश्य र रणनीतिक उद्देश्यहरूको प्रक्रियासँग परिचित गराईएको थियो ।

### २. राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुद्वारा ध्यानाकर्षण पत्र हस्तान्तरण

स्थानीय सरकारले आगामी आर्थिक वर्ष २०८१ /०८२ को नीति तथा कार्यक्रम र बजेटको तयारी गरिरहेको छ ।  यसै सन्दर्भलाइ ध्यानमा राख्दै बालबालिकाको लागि पर्याप्त लगानी हुनका साथै अर्थपूर्ण बालसहभागिता र छलफलले नै सव्य



समाजको निर्माण गर्न सकिने कुरालाई विश्वास राख्दै राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुले ज्ञापन पत्र तयार गरि आफ्नो



सम्बन्धित वार्ड तथा नगरपालिकाका प्रतिनिधिहरुलाई सो ज्ञापन पत्र हस्तान्तरण गरेका छन् । स्थानीय तहको योजना निर्माण सन्दर्भमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुले आ आफ्नो वार्डको जनप्रतिनिधिहरुलाई ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका छन् ।



उक्त ध्यानाकर्षण पत्रमा बालबालिकाका सवालमा समेटिनुपर्ने बुदाहरुलाई टिपोट गरिएको थियो । स्थानीय तहको योजना निर्माण प्रक्रियामा बालबालिकाहरुको समान सहभागिताको माग गरिएको थियो । बजेट निर्माण गर्ने क्रममा बालबालिकाहरुको सर्वोतम हितका लागि योजनाहरु निर्माण हुनु पर्ने विषयलाई जोड दिएको थियो । पत्रमा बालबालिकाहरुको शिक्षा, स्वास्थ्य ,बालबालिकामा लगानी र बाल संरक्षणहरुको सवालहरुलाई जोडिएको थियो । स्थानीय तहले गर्ने योजना निर्माण प्रक्रियामा कस्तो किसिमको विषयलाई समेट्नु पर्छ भन्ने विषयहरु सम्बन्धित सुझाबहरु मार्फत ध्यानाकर्षण पत्र तयार गरिएको थियो । स्थानीय सरकारलाई सुझाब दिने क्रममा बालबालिकालाई उपयुक्त हेरचाह तथा सिकाईको अवसर प्रदान गर्न स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रको स्थापना र संचालन गर्न, स्थानीय तहमा बालबालिकाका लक्षित शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागितासंग सम्बन्धित कार्यक्रमहरुको लागि नियमित बजेट विनियोजन । इन्टरनेट तथा प्रविधिका माध्यमबाट बालबालिकामाथि हुने हिंसा रोकथामका लागि सूचना सम्प्रेषण र सुरक्षामा ध्यान दिने, बाल विवाह रोकथाम तथा न्युनिकरणमा सहजीकरण गरि बालक्लब तथा बालक्लब संजालहरु समेतलाइ परिचालन गरि बालविवाह अन्त्यको अभियान संचालन गर्ने । बालमैत्री समुदाय तथा विद्यालयको निर्माण गर्न, बालबालिकाहरुलाई धुम्रपान, मध्यनको किनवेच, ओसारपसार र प्रयोगबाट सुरक्षित राख्ने, लागु औषधबाट बालबालिकाहरुको संरक्षणका लागि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने । आमा र बुवा गुमाएका बालबालिकाहरुको लागि विशेष संरक्षणका कार्यक्रमहरु संचालन गर्नुपर्ने सुझाबहरु दिएका थिए ।



स्थानीय तहको योजना निर्माणका सन्दर्भमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्य भुमिका शाही स्थानीय जनप्रतिनिधिलाई ध्यानाकर्षण पत्र हस्तान्तरण गर्दै, सुर्खेत ।



राष्ट्रिय बाल पैरवी परिषद् सदस्य, भुमिका शाही स्थानीय तहको योजना निर्माणको सन्दर्भमा जनप्रतिनिधिलाई ध्यानाकर्षण-पत्र पेश गर्दै ।

स्थानीय तहको योजना निर्माणका सन्दर्भमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्य आशुतोष कार्की स्थानीय जनप्रतिनिधिलाई ध्यानाकर्षण पत्र हस्तान्तरण गर्दै, ललितपुर ।



राष्ट्रिय बाल पैरवी परिषद् सदस्य, आशुतोष कार्की स्थानीय तहको योजना निर्माणको सन्दर्भमा जनप्रतिनिधिलाई ध्यानाकर्षण-पत्र पेश गर्दै ।

स्थानीय तहको योजना निर्माणका सन्दर्भमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्य सन्ध्या सुनार स्थानीय जनप्रतिनिधिलाई ध्यानाकर्षण पत्र हस्तान्तरण गर्दै, डडेल्धुरा ।



राष्ट्रिय बाल पैरवी परिषद् सदस्य, सन्ध्या सुनार स्थानीय तहको योजना निर्माणको सन्दर्भमा जनप्रतिनिधिलाई ध्यानाकर्षण-पत्र पेश गर्दै ।

स्थानीय तहको योजना निर्माणका सन्दर्भमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्य राजु लुहार स्थानीय जनप्रतिनिधिलाई ध्यानाकर्षण पत्र हस्तान्तरण गर्दै, कंचनपुर ।



राष्ट्रिय बाल पैरवी परिषद् सदस्य, राजु लुहार स्थानीय तहको योजना निर्माणको सन्दर्भमा जनप्रतिनिधिलाई ध्यानाकर्षण-पत्र पेश गर्दै ।

स्थानीय तहको योजना निर्माणका सन्दर्भमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्य एलिशा पन्थी स्थानीय जनप्रतिनिधिलाई ध्यानाकर्षण पत्र हस्तान्तरण गर्दै, नवलपुर



राष्ट्रिय बाल पैरवी परिषद् सदस्य, एलिशा पन्थी स्थानीय तहको योजना निर्माणको सन्दर्भमा जनप्रतिनिधिलाई ध्यानाकर्षण-पत्र पेश गर्दै ।

स्थानीय तहको योजना निर्माणका सन्दर्भमा राष्ट्रिय बाल पैरवी परिषद् सदस्य अमित मण्डल स्थानीय जनप्रतिनिधिलाई ध्यानाकर्षण पत्र हस्तान्तरण गर्दै, विराटनगर ।



राष्ट्रिय बाल पैरवी परिषद् सदस्य, अमित मण्डल स्थानीय तहको योजना निर्माणको सन्दर्भमा जनप्रतिनिधिलाई ध्यानाकर्षण-पत्र पेश गर्दै ।

## ३. दिगो विकास लक्ष्यहरूमा स्वैच्छिक स्थानीय समीक्षाको बाल नेतृत्व कार्यक्रम सम्पन्न




कोशी प्रदेश देउमाई नगरपालिका वार्ड नम्बर ३ इलाम स्थित दिगो विकास लक्ष्य (SDGs) र बालबालिकाको नेतृत्वमा तयार गरिने स्वेच्छिक राष्ट्रिय समीक्षा ( VNR) प्रतिवेदनबारे स्थानीय स्तरको कार्यशाला सम्पन्न भएको थियो । छलफल कार्यक्रम महेन्द्रोदय आधारभूत विद्यालयमा संचालन गरिएको थियो । उक्त कार्यशालामा राष्ट्रिय बाल पैरवी सदस्य मन्जिला आचार्यले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा विभिन्न उमेर समुहका बालबालिकाहरुको सक्रिय सहभागिता रहेको थियो ।

## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

### १ बाल संजालको लागि क्षमता बिकास तालिम सम्पन्न

राजविराज ७ जेष्ठ २०८१ . नागरिक समाज सबलीकरण परियोजना अन्तर्गत




जिल्ला बाल क्लब सञ्जाल र बाल क्लब पुर्ब बाल क्लब सदस्यहरू बीच जलवायु परिवर्तन, अपाङ्गता समावेशीकरण साथै वकालतर र नेतृत्व विकास बिषयक तालिम मुख्य गरी अपाङ्गता भएका व्यक्तिहरूमा जलवायु परिवर्तनले पार्ने प्रभावहरूबारे बाल सञ्जालका सदस्यहरूबीच चेतना जगाउने,



जलवायु कार्यमा प्रभावकारी वकालत र नेतृत्वको लागि आवश्यक उपकरण र सीपहरूले सहभागीहरूलाई सुसज्जित गर्ने लवायु कार्यहरूमा समावेशी अभ्यासहरूको बुझाइ र कार्यान्वयनलाई बढावा दिनु उद्देश्यक साथ जिल्ला बाल क्लब नेटवर्क र नगर बाल क्लब नेटवर्कको समन्वयमा आयोजित कार्यक्रम मिति २०८१ जेष्ठ ५ र ६ गते सम्पन्न भएको छ। उक्त तालिम बाल बालमैत्री वातावरणमा बाल केन्द्रित विधिको प्रयोग गरी तालिम संचालन भएको थियो र २५ जना संजालका बालबालिका र ३ जना बाल क्लब पूर्ब सदस्यहरु गरी जम्मा २८ जनाको सक्रिय

सहभागिता रहेको थियो। तालिमको अन्तिम दिन तथा समपन्नमा जिल्ला बाल क्लब संजालका सदस्य र नगर बाल क्लब संजालका अध्यक्ष दोय द्वारा तालिमबाट संजालको विकास गर्न र जलवायु परिबर्तनबाट अपांगता र बालबालिकामा परेको प्रभावलाई न्यूनीकरणको लागि पैरवी गर्न सक्ने नेतृत्व सीपमा विकास भएको छ भनी आफ्ना बिचार र भावना व्यक्त गरेको थियो भने जिल्ला बाल क्लब संजालको अध्यक्ष सलमा खातुनद्वारा सम्पूर्ण सहभागीहरुलाई योजना छनौट प्रक्रियमा आफ्नो सहभागिता पूर्ण सुनिश्चित गर्न निर्देशन दिएकि थियो । तालिम सहजकर्ताको सहजीकरणमा आ- आफ्नो पालिकामा यस सम्बन्धि बार्षिक योजना निर्माण गरी नगर प्रमुखलाई ध्यान आक्रसन गराउनुको लागि ज्ञापन पत्रको साथ योजना बुझाउने भनी कार्य योजना निर्माण भएको छ।





## २. बालमैत्री स्थानीय शासन प्रवर्धनको लागि विभिन्न कृयाकलाप सञ्चालन

सिन्धुली जिल्लाको को तीनपाटन र फिक्कल गाउँपालिकामा गाउँपालिका स्तरीय बाल सञ्जाल र तीनपाटन गाउँपालिका गाउँपालिका वडा नं ४,५,६,१०,११ र फिक्कल गाउँपालिका वडा नं २,४ मा वडा स्तरीय बाल सञ्जालको आयोजनामा, सम्वन्धित गाउँपालिका/वडाको समन्वयमा, रिलिफ नेपाल र वर्ल्ड भिजन इन्टरनेसनल नेपालको साझदारीमा २ वटा गाउँपालिका र ७ वटै वडाको २८० जना बालबालिकाको संलग्नतामा बालभेला सम्पन्न भएको छ। ४ जना बालबालिकालाई बालभेला सहजिकरण सम्वन्धी ३ दिने तालिम प्रदान गरे पश्चात् वडामा बालबालिकाको नै नेतृत्वमा बालभेला सहजिकरण भएको छ। बालक र बालिकाको बेग्लाबेग्लै समुह बनाएर त्यस वडाको बालक र बालिकाको सवालहरु पहिचान गरिएको छ। बालभेलामा बालबालिकाको प्रमुख आवश्यकता र प्राथमिकताहरु बालमैत्री स्थानीय शासन प्रवर्धन, घोषणा र दिगोपना, वडामा रहेका विद्यालय र समुदायमा बाल क्लव गठन र सकृय बनाउने, जनचेतनामुलक कार्यक्रम, समुदायमा रुपान्तरण कक्षा नियमित संचालन गर्नुपर्ने रहेको छ। आफ्नो आवश्यकता र प्राथमिकताहरुलाई स्थानीय योजना तर्जुमा र वजेट विनियोजन को लागि बालबालिकाले आफ्नो गाउँपालिका र वडा कार्यालयमा पेश गरेका छन्।



सिन्धुली जिल्लाको तीनपाटन-७ मा २ वटा बालक्लब गठन भएको छ। ५७ जना बालबालिकाहरुले बालमैत्री स्थानिय शासन प्रवर्धन, बालश्रम तथा बालविवाह अन्त्य गर्न र आफ्नो समुदायमा जनचेतना फैलाउन विभिन्न स्थानमा जनचेतनामुलक र्याली सञ्चालन गरेका छन्।



तीनपाटन गाउँपालिकाका वडा नं ४,६,७,१०,११, गोलन्जोर गाउँपालिकाका वडा नं १,२,३,४ र फिक्कल गाउँपालिकाको वडा नं २,३,४ र ५ का २८ जना किशोरकिशोरहरुले आफ्ना समुदायका ३७८ जना बालबालिकाहरुलाई ४ हप्ता रुपान्तरण जीवनउपयोगी सीप तथा आत्मरक्षा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरेका छन्। २४ जना रुपान्तरण साथी सहजकर्ताहरुलाई २ दिने उमेर अनुसारको जीवनउपयोगी सीप (स्व-सचेतना, अन्तर वैयक्तिक सिप,

सुरक्षात्मक सिप, सामाजिक उत्तरदायित्व) तालिम सञ्चालन भएको छ । तत्पश्चात् आफ्नो समुदायमा ४-१२ वर्ष उमेर समुहका बालबलिकाहरुको ४-८ वर्ष र ८-१२ वर्षको छुट्टाछुट्टै समुहको १५ देखि २० जनालाई २४ जनाले समुदाय स्तरीय कक्षा सञ्चालन गरेका छन् ।

सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका वडा नं ११ र फिक्कल गाउँपालिका वडा नं ५ ले बालमैत्री स्थानीय शासनको ५१ वटा सुचक पुरा गरी आफ्नो वडा र गाउँपालिकाको बालमैत्री स्थानीय शासन समितिबाट अनुगमन गरी जिल्ला समन्वय समितिलाई अनुगमनको लागि प्रतिवेदन साथ पत्राचार पेश गरेको थियो। २०८१ जेष्ठ १७ र १८ गते जिल्ला समन्वय समितिको बालमैत्री स्थानीय शासन अनुगमन समितिबाट तीनपाटन-११ र फिक्कल-५ को स्थलगत अनुगमन गरि बालमैत्री स्थानीय शासनको चरणहरु तथा ५१ वटा सुचकहरुको प्रमाणिकरणको लागि जि.स.स को बालमैत्री स्थानीय शासन अनुगमन समितिले जि.स.स लाई बालमैत्री वडा घोषणाको लागि सिफारिस पेश गर्ने निर्णय गरिएको छ ।



## हार्दिक बधाई एवं शुभकामना







**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल


**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल**

शंखमुल, काठमाडौं

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com